# जेष्ठ महिलालाई सारी वितरण



विराटनगर(उस)/हरितालिका तीज नजिकिदै गर्दा जेष्ठ नागरिक संरक्षण सेवा केन्द्र विराटनगर-५ ले जेष्ठ महिलाहरूलाई सारी वितरण गरेको छ ।

त्रिमूर्तिचोकस्थित जेष्ठ नागरिक विश्रामस्थल तथा दिवा सेवा केन्द्रमा सोमबार आयोजित कार्यक्रममा वडाध्यक्ष सन्तोष न्यौपाने, वडा सदस्य अञ्जु दाहाल र जेष्ठ नागरिक संरक्षण सेवा केन्द्रका अध्यक्ष सुरेश श्रेष्ठले ३० जना जेष्ठ महिलाहरूलाई सारी वितरण गरेका थिए ।

वडा कार्यालयको आर्थिक सहयोगमा जेष्ठ नागरिक संरक्षण सेवा केन्द्रले जेष्ठ नागरिक लक्षित विभिन्न कार्यक्रम गर्दै आएको छ । वडा कार्यालयले ८० वर्ष माथिका जेष्ठ नागरिकहरूलाई घरमै पुगेर स्वास्थ्य जाँच गराउनुका साथै धार्मिक भ्रमण गराउँदै आएको वडाध्यक्ष सन्तोष न्यौपानेले बताए ।

वडा कार्यालयको करिब १४ लाख बजेटमा त्रिमूर्तिचोकमा जेष्ठ नागरिक विश्रामस्थल भवन पनि निर्माण गरिएको बताइएको छ ।

# तल्लो सोलु हाइड्रोबाट व्यवसायिक उत्पादन शुरू

विराटनगर (उस) निजी ऊर्जा उत्पादकहरूको प्रयासमा निर्माण पूरा भएको ८२ मेगावाटको दोस्रो ठूलो जलविद्युत आयोजना तल्लो सोलु हाइड्रोले व्यवसायिक उत्पादन सुरू गरेको छ ।

सोलु खोलामा 'रन अफ रिभर' प्रणालीमा निर्माण सम्पन्न भएको तल्लो सोलुले साउन ५ गते मंगलबारदेखि परीक्षण उत्पादन सुरू गरेको थियो । तल्लो सोलु हाइड्रोका आयोजना प्रमुख श्रीधर खनालले साउन २२ बाट व्यवसायिक उत्पादन सुरू भएको जानकारी दिए । नेपाल विद्युत प्राधिकरणको रोहबरमा परीक्षण उत्पादन सम्पन्न गरेर व्यवसायिक उत्पादन सुरू गरेको उनले बताए । यद्यपि प्राधिकरणले परीक्षण उत्पादन सकेर व्यवसायिक उत्पादन भएको औपचारिक घोषणा भने गर्न बाँकी रहेको आयोजना प्रमुख खनालले बताए ।

'आयोजनाले सफलतापूर्वक परीक्षण उत्पादन पूरा गरेको छ' आयोजना प्रमुख खनालले भने, 'साउन २२ बाटै व्यवसायिक उत्पादन भएको जानकारी प्राधिकरणलाई निवेदनमार्फत गराएका छौं ।'

परीक्षण उत्पादनकै समयदेखि तल्लो सोलुबाट उत्पादित विद्युतलाई सोलुखुम्बुको तिङ्ला सवस्टेशनबाट ९२ किलोमिटर लामो सोलु करिडोरको १३२ केभी डबल सर्किट प्रसारण लाइनमार्फत सिरहाको मिर्चैयास्थित नेपाल विद्युत प्राधिकरणको सवस्टेशनमा जोडिएको हो ।

तल्लो सोलु जलविद्युत आयोजनाको हेडवर्क्स (बाँध) सोलुदूधकुण्ड नगरपालिका-७ साल्मेमा छ । त्यहाँबाट ४.२ किलोमिटर लामो सुरूङ मार्ग र २ किलोमिटर लामो भूमिगत पेनस्टकमार्फत वडा नम्बर ११ को भदौरेमा निर्मित विद्युतगृहमा पानी झारेर विद्युत उत्पादन गरिएको छ ।

विद्युतगृहबाट नवनिर्मित ४.१२ किलोमिटर लामो १३२ केभी डबल सर्किट प्रसारण लाइनबाट तिङ्ला सवस्टेशनमा जोडिएको जनाइएको छ ।

विभिन्न बाधा अवरोधका वावजुद पनि आगामी सेप्टेम्बरमा व्यवसायिक विद्युत उत्पादन गरिसक्ने लक्ष्य थियो । तर, त्यस अगावै व्यवसायिक उत्पादन सुरू गरेको आयोजनाले जनाएको छ । तल्लो सोलु जलविद्युत आयोजनामा नेदरल्याण्डस् डेभलपमेन्ट बैंक र ओपेक फन्ड फर इन्टरनेशनल डेभलपमेन्ट बैंकमार्फत वित्तीय व्यवस्थापन गरिएको थियो ।

सरकारले यो आयोजना 'सुपर सिक्स' मा राखेर प्रतिस्पर्धामार्फत लगानीकर्ता छनौट गरेको थियो । करीव १७ अर्ब रूपैयाँको लागतमा यो आयोजना निर्माण सम्पन्न भएको जनाइएको छ ।

# सगरमाथा स्कुलमा दुर्व्यसना सचेतना



विराटनगर(उस)/ विराटनगर-११ स्थित सगरमाथा बोर्डिङ स्कुलमा विद्यार्थीका लागि लागुपदार्थको दुर्व्यसनले युवालाई पार्ने प्रभाव विषयमा सचेतनामुलक प्रशिक्षण कार्यक्रम गरिएको छ ।

सोमबार विराटनगर जेसिजको आयोजनामा भएको कार्यक्रममा विराटनगर-१२ स्थित बखरी प्रहरी चौकीका इञ्चार्ज बरिष्ठ नायब निरीक्षक प्रवीनकुमार भट्टराई, रिचमण्ड फेलोसिप मोरङका अध्यक्ष दीपक चापागाईंले लागुपदार्थको दुर्व्यसनका बारेमा प्रशिक्षण दिएका थिए ।

विराटनगर जेसिजका अध्यक्ष प्रीतेशराज दाहालको अध्यक्षतामा भएको कार्यक्रममा सो विद्यालयका सहायक प्राचार्य रोहिणीरमण दवाडीले सगरमाथा विद्यालयले विद्यार्थीको अतिरिक्त क्रियाकलापलाई पनि महत्वका साथ लिने गरेको बताए ।

# फोनिजले मनायो २६ औं स्थापना दिवस




विराटनगर(उस)/नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को २६ औं स्थापना दिवसका अवसरमा मोरङ शाखाले एक विशेष कार्यक्रम गरेको छ । सोमबार आयोजित समारोहमा पत्रकारिता पुरस्कार अर्पण र संस्थाको आधिकारिक वेबसाइट शुभारम्भ गरिएको छ ।

सो अवसरमा फोनिजका केन्द्रीय उपाध्यक्षसमेत रहेका क्रियाशील पत्रकार अर्जुन जम्नेली राईलाई 'कृष्ण देवान पत्रकारिता पुरस्कार' प्रदान गरिएको छ । । फोनिज प्रदेश १ का लेखा समिति संयोजक प्रेम देवानले आफ्ना स्वर्गीय बुवा कृष्ण देवानको स्मृतिमा स्थापना गरेका सो पुरस्कार पहिलो पटक वितरण गरिएको हो । विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले पत्रकार राईलाई ८ हजार रूपैयाँ नगद राशि र सम्मानपत्रसहित पुरस्कृत गरे ।

स्थापना दिवसकै अवसरमा फोनिज मोरङले आफ्नो आधिकारिक वेबसाइटको शुभारम्भ गऱ्यो । उक्त वेबसाइट हिमालय दर्शन कलेजमा बीएससी सीएसआईटीमा अध्ययनरत विद्यार्थीहरूले निर्माण गरी फोनिजलाई हस्तान्तरण गरेका हुन् ।

महानगर प्रमुख कोइरालाले वेबसाइटको शुभारम्भ गर्दै आजको युग कृत्रिम बौद्धिकता (एआई) प्रयोगको भएको उल्लेख गरे । उनले समयसापेक्ष आफूलाई परिमार्जन र विकास गर्न नसक्ने व्यक्ति तथा संस्थाहरू पछाडि पर्ने बताए ।

फोनिज मोरङका अध्यक्ष अनिल श्रेष्ठको अध्यक्षतामा भएको सो कार्यक्रममा हिमालय दर्शन कलेजका प्रमुख भरत सापकोटा ,फोनिजका संघीय उपाध्यक्ष अर्जुन जम्नेली राई, प्रदेश अध्यक्ष विजयबोध लावती, नेपाल पत्रकार महासंघ मोरङकी अध्यक्ष सुशीला पाठक, लिम्बू पत्रकार संघका केन्द्रीय सदस्य सुजता लिम्बूलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# एभरेष्टका इशल थाइल्याण्ड जाँदै



विराटनगर(उस)/अन्तर ाष्ट्रिय स्तरको अंग्रेजी बोल्ने प्रतियोगिताका लागि विराटनगर-५ स्थित एभरेष्ट स्कुलका विद्यार्थी इशल भट्टराई छनोट भएका छन् ।

थाइल्याण्डमा यही भदौं ११-१५ सम्म हुने प्रतियोगिताका लागि भट्टराई छनोट भएका हुन् । सो प्रतियोगितामा इशलसँगै नेपालका चार जना विद्यार्थी छनोट भएका छन् । प्रथम चरणको छनोटमा एभरेष्टका इशल, काब्या मावि काठमाडौंका चारू आचार्य, नेशनल इन्फोटेक कलेज वीरगञ्जका सारा श्रेष्ठ र वीरगञ्जकै गौतम सेकेन्डरी स्कुलकी स्वारा झा छनोट भएको बताइएको छ ।

नेपालका लागि यो कार्यक्रम आरभीआई ग्रुपसँगको सहकार्यमा आरभीआईपीएसको सहयोगमा 'माई सेकेण्ड टिचर' ले आयोजना गरेको हो । माई सेकेण्ड टिचर लागू गरिएका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि अन्तर ाष्ट्रिय स्तरमा प्रतिष्पर्धा गराउन प्रतियोगिता आयोजना गरिएको बताइएको छ ।

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना २७ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय इटहरीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१) क) कर्जा शीर्षक : रियलस्टेट अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **राष्ट्रिय मल्टीप्रपोज कन्सट्रक्सन प्रा.लि.** अख्तियार प्राप्त व्यक्तिको नाम : मनोज कुमार साह
दर्ता नं. : २६५८३५/०७८/०७९ दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय
दर्ता मिति : २०७८/०४/१३
रजिष्टर्ड ठेगाना : मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६१००३५३५९

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) जिया लाल शाह हलुवाईको नाति गौरीशंकर शाह हलुवाईको छोरा मोरङ्ग जिल्ला विराटनगर वडा नं. ११ हाल, विराटनगर म.न.पा. वडा नं. ८ बस्ने **मनोजकुमार साह** (ना.प्र.नं. : ८६४१९ जारी मिति र जिल्ला : २०६२/०६/१२, मोरङ्ग)

२) राम वहादुर राईको छोरी गौरीशंकर शाह हलुवाईको बुहारी मनोजकुमार साहको पत्नी झापा जिल्ला घैलाडुब्बा वडा नं. ३ हाल, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ८ बस्ने **शुशिला राई** (ना.प्र.नं : ३२३५५८८२ जारी मिति र जिल्ला : २०६०/११/२५, झापा)

**ख) कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **स्नेहा मेटल वर्कसप** प्रोप्राइटरको नाम : मनोज कुमार साह प्रा.फ.नं. : १२६८४/७२/७३
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय मोरङ्ग (विरानगर) दर्ता मिति : २०७३/०२/०६
रजिष्टर्ड ठेगाना : मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ११ स्थायी लेखा नं. : ६०४१५११९१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) जिया लाल शाह हलुवाईको नाति गौरीशंकर शाह हलुवाईको छोरा मोरङ्ग जिल्ला विराटनगर वडा नं. ११ हाल, विराटनगर म.न.पा. वडा नं. ८ बस्ने **मनोजकुमार साह** (ना.प्र.नं. : ८६४१९ जारी मिति र जिल्ला : २०६२/०६/१२, मोरङ्ग)

२) राम वहादुर राईको छोरी गौरीशंकर शाह हलुवाईको बुहारी मनोजकुमार साहको पत्नी झापा जिल्ला घैलाडुब्बा वडा नं. ३ हाल, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ८ बस्ने **शुशिला राई** (ना.प्र.नं : ३२३५५८८२ जारी मिति र जिल्ला : २०६०/११/२५, झापा)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८२/०१/१५ को सौर्य राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| मनोज कुमार साह | मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १ | १ख | २०४२ | ०-१-१८-० |
| मनोज कुमार साह | मोरङ्ग जिल्ला जतेवा कटकुप्पा वडा नं. १ | १क | १५६४ | ०-०-१६-० |
| राष्ट्रिय मल्टीप्रपोज कन्सट्रक्सन प्रा.लि. | मोरङ्ग जिल्ला मृगौलिया वडा नं. २ | २क | २०४ | १-०-०-० |

**२) कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

दान वहादुर रायको छोरी छविलाल आचार्यको बुहारी रमेश आचार्यको पत्नी झापा जिल्ला खजुरगाछी वडा नं. ३ हाल, मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ४ बस्ने **उमा देवी राय** (ना.प्र.नं. : ५६९ जारी मिति र जिल्ला : २०४४/११/२०, झापा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) काशीनाथ आचार्यको नाति छविलाल आचार्यको छोरा मोरङ्ग जिल्ला महादेवा वडा नं. ३ हाल, सुन्दरहरैचा न.पा. वडा नं. ४ बस्ने **रमेश आचार्य** (ना.प्र.नं. : ११६४१/१९ जारी मिति र जिल्ला : २०४५/०९/२३, मोरङ्ग)

२) छविलाल आचार्यको नातिनी रमेश आचार्यको छोरी मोरङ्ग जिल्ला सुन्दरदुलारी न.पा. वडा नं. ११ हाल, सुन्दरहरैचा न.पा. वडा नं. ४ बस्ने **सविना आचार्य** (ना.प्र.नं. : ०५-०१-७३-००३९६ जारी मिति र जिल्ला : २०७३/०१/१५, मोरङ्ग)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
मिति २०८२/०३/१३ को उद्घोष राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| उमा देवी राय आचार्य | मोरङ्ग जिल्ला दुलारी वडा नं. ९ | ९क | ३०७८ | ०-१-३-० |
| | | | ३०६७ | ०-१-८-३ |
| | | | ३०६८ | ०-१-७-३ |
| | | | ३०७४ | ०-१-३-१ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०५/१६ गते सोमबार भित्र यस बैंकको शाखा कार्यालय इटहरी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२/०५/१७ गते मंगलबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय इटहरीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# महिला उद्यमी महासंघ कोशीमा कृति श्रेष्ठ



विराटनगर(उस)/ महिला उद्यमी महासंघ कोशी प्रदेशमा कृति श्रेष्ठ उपाध्यायको नेतृत्वमा ९ सदस्यीय समिति गठन गरिएको छ । महिला उद्यमी महासंघकी अध्यक्ष शोभा ज्ञवालीको उपस्थितिमा विराटनगरमा सोमबार आयोजित महिला उद्यमी भेलाले समिति गठन गरेको हो ।

समितिको उपाध्यक्षमा सुशीला सापकोटा, सचिव सपना रिजाल, कोषाध्यक्ष शारदा तामाङ छन् । प्रदेश अध्यक्षमा चयन भएकी कृति श्रेष्ठ उपाध्यायले नवगठित समितिले महिला उद्यमशीलता प्रवर्द्धन, क्षमता विकास, बजार विस्तार तथा नीति निर्माणमा पहुँच अभिवृद्धिका लागि सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाइन् ।

नवगठित समितिलाई महिला उद्यमी महासंघकी केन्द्रीय अध्यक्ष शोभा ज्ञवालीले नवगठित समितिले महिला उद्यमशीलता प्रवर्द्धन, सञ्जाल विस्तार र क्षमता अभिवृद्धिमा उल्लेखनीय भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिन् ।

अन्तर्राष्ट्रिय युवा दिवसको अवसर पारेर महिला उद्यमी संघ मोरङले गरेको सो विशेष कार्यक्रममा नवप्रवर्तनशील सोच र सफल व्यावसायिक पहलमार्फत समाजमा सकारात्मक प्रभाव पार्न सफल ९ जना नवद्यमीहरूलाई सम्मान समेत गरिएको थियो ।

सो कार्यक्रममा कोशी प्रदेशका मुख्यमन्त्रीका आर्थिक सल्लाहकार डा मोहनकुमार सुवेदीले ऊर्जाशील सोच र स्पष्ट दृष्टिकोण भएका युवाहरू नै प्रदेश र राष्ट्रको समृद्धिको आधार बन्न सक्ने बताउँदै कोशी प्रदेश सरकारले युवाको क्षमता र सिर्जनशीलतालाई उपयोग गर्दै उद्यम, रोजगार र नवप्रवर्तनको क्षेत्रमा ठोस कार्यक्रम ल्याउन तयार रहको बताए ।

**कोदोको म:मघर बिक्रीमा**

धरान-१६ लेखनाथ चौकस्थित चालु अवस्थामा रहेको कोदोको म:म घर बिक्रिमा रहेको हुदाँ इच्छुकले तु सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८१६३०५५४७

इडेनवर्ग इन्टरनेशनल कलेज
विराटनगर
(पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

**नयाँ विद्यार्थी भर्ना सम्बन्धी सूचना**

पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस कलेजमा
शैक्षिक सत्र २०८२।८३ का लागि
BACHELOR OF BUSINESS ADMINISTRATION (BBA)
१५औं ब्याचमा भर्ना खुलेको
व्यहोरा सहर्ष जानकारी गराउँदछौं ।
प्रवेश परीक्षा मिति र समय : पछि प्रकाशित गरिनेछ ।
भर्नाका लागि चाहिने आवश्यक न्यूनतम योग्यता :
+२ मा CGPA 2.00 वा ४० प्रतिशत
सम्पर्क
इडेनवर्ग इन्टरनेशनल कलेज
विराटनगर, कलेज रोड
सम्पर्क नं : ०२१-५१३६८४, ९८५२०३०५३७, ९८१७३०६४३४

**हार्दिक धन्यवाद तथा आभार**



विश्व स्ट्रेन्थ लिफ्टिङ एन्ड आइभीपी च्याम्पियनसिप-२०२५, फत्ताया, थाइल्यान्डमा चौथो पटक विश्वच्याम्पियन बन्ने गौरव हासिल गर्न पाउँदा म अत्यन्तै सम्मानित र खुसी छु। यस यात्रामा साथ, समर्थन र प्रेरणा दिनुहुने मेरा परिवार, प्रशिक्षक, नेपाल स्ट्रेन्थ लिफ्टिङ एशोसिएसन, खेलकुद परिषद, सम्पूर्ण नेपाली जनता तथा शुभेच्छुकहरूलाई हृदयदेखि हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु।
यो सफलता मेरो मात्र नभई सम्पूर्ण नेपालीको हो। अन्तर्राष्ट्रिय मञ्चमा नेपालको झण्डा फहराउन पाउँदा गर्वको अनुभूति भयो। प्रतियोगितामा सहभागी सबै नेपाली खेलाडीलाई पनि सफलताको शुभकामना र बधाई । भविष्यमा अझ मेहनत गर्दै देशको नाम उज्यालो बनाउन निरन्तर प्रयासरत रहने छु।

दीपा विष्ट
चौथोपटक विश्वच्याम्पियन
सुन्दरहरैंचा-११ (मोरङ)

«एमाले विराटनगर

भावना खरेल, उपसचिवमा आशिका मिश्र र नितिष सारडा चयन भएका हुन् ।

विराटनगर-९ को वडा कमिटी अध्यक्ष पदमा भएको निर्वाचनमा कमलकुमार साह ५ मत बढी पाएर निर्वाचित भएका छन् । साहले ३० मत प्राप्त गरे भने अध्यक्ष पदका प्रत्यासी जतिन ताम्रकारले २५ मत प्राप्त गरेका छन् । पराजित ताम्रकार वडा कमिटीका निवर्तमान अध्यक्ष हुन् । उनलाई महानगर कमिटीका पूर्वअध्यक्ष रोहित कोइराला पक्षका कार्यकर्ताले समर्थन गरेका थिए । अध्यक्ष निर्वाचित साहलाई भने वर्तमान महानगर कमिटीका नेताहरूले समर्थन गरेका उम्मेदवार थिए । वडा नम्बर ९ वडा कमिटीको उपाध्यक्षमा मोहन राजबंशी, सचिवमा पप्पु अन्सारी र सह-सचिवमा विष्णुराज अधिकारी चयन भएका छन् ।

साउन १७ गते तोकिएको वडा अधिवेशन कार्यक्रम अन्तरगत विभिन्न कारणले अधिवेशन हुन नसकेका ७ र ९ मा समेत नेतृत्व चयन भएपछि एमालेको महानगरस्तरीय संगठन चुस्तदुरूस्त बनेको महानगर कमिटीका अध्यक्ष बलराम गिरीले बताए । उनले वडा अधिवेशनका क्रममा कुनै पनि समुहगत प्रतिस्पर्धा नभएको दाबी गरे ।

दुईवटा वडाको अधिवेशन सकिएसँगै एमाले महानगरको १९ वटै वडा कमिटीले नयाँ नेतृत्व पाएको छ । साउन १७ मा १७ वटा वडामा अधिवेशन हुँदा वडा नम्बर ४, १० र १४ भने निर्वाचन भएर बाँकी १४ वटामा सर्वसम्मत वडा कमिटी चयन भएको महानगर कमिटीका सचिव विज्ञान चापागाईंले बताए ।

**हेपाटाइटिस रोगबाट बँचौं**

- हेपाटाइटिस कलेजमा हुने एक प्रकारको संक्रमण हो,
- यस्तो संक्रमणले कलेजो बिग्रिन सक्छ,
- हेपाटाइटिस A,B,C,D र E गरी पाँच प्रकारका हुन्छन् ।

**यसका लक्षणहरू :**
- थकान महसुस हुने,
- पेट दुख्ने,
- आँखाको सेतो भाग पहेंलो हुने (जनडिस देखिने)
- वान्ता खानामा अरुची हुने,
- तौल घट्ने जस्ता लक्षण देखिन सक्छन् ।

**हेपाटाइटिसबाट बच्न**
- सफा पानी पिउने,
- स्वच्छ खाना खाने,
- हेपाटाइटिसविरुद्धको खोप लगाउने,
- संक्रमितको रगत तथा सुईबाट टाढा रहने
- सुरक्षित यौन सम्पर्क गर्ने

नेपाल सरकार
विज्ञापन बोर्ड

**सौगात प्रकाशन प्रा.लि.**द्वारा प्रकाशित तथा हंसबाहिनी प्रिन्टर्स एण्ड पब्लिकेशन प्रा.लि., विराटनगरद्वारा मुद्रित **कार्यालय** : विराटनगर-७, मेनरोड, **फोन नं.** : ०२१-४५०३०५, ५१५७२८, ५७८३०५ **इमेल** : udghosh@gmail .com,
प्रबन्ध सम्पादक : **विजय खतिवडा**, समाचार सम्पादक : **विक्रम निरौला**, सहसम्पादक : **कमल रिमाल**, फोटो सम्पादक : **संजीव खनाल**, व्यवस्थापक : **पूर्ण भुजेल**, प्रबन्ध निर्देशक : **बन्धु पोखरेल**, सम्पादक : **मोहन भण्डारी**